# शहिद लखन गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०८० प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

## शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ-गोरखा ।

## २०८० मंसिर २० गते

## विषय सूची

१. विषय प्रवेश ......................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ...........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ७ : सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति ..........
अनुसूची ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार ..........

## १. पृष्ठभुमी

नेपालको संविधानमा व्यवस्था भए अनुसार तीन तहका सरकारहरु गठन भई विभिन्न विकासमुलक तथा सेवामुलक कार्यहरु हुँदै आएका छन् । स्थानीय सरकारले जनताको नजिकको सरकारको रुपमा आफुलाई स्थापित गर्दै जनताको घरदैलो सम्म पुगी उनीहरुको मर्म अनुसार योजना निर्माण गरी कार्यान्वयन गरिरहेको देखिन्छ। साथै स्थानीय सरकारले आफ्नो वार्षिक नीति तथा योजना र बजेटमा जवाफदेही, पारदर्शी र उत्तरदायी सरकार स्थापना गर्ने लक्ष्य राखी विभिन्न गतिविधीहरु समेत संचालनमा ल्याएको पाइन्छ । यसबाट स्थानीय सरकार प्रति जनताको अपनत्व बृद्दी हुन गइ कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आउनुका साथै तोकिएको लक्ष्य प्राप्त गर्न समेत मद्दत पुग्दछ।

केही स्थानीय सरकारले दीर्घकालीन लक्ष र पालिका गौरवका योजनाहरु छनोट गरी कार्यान्वयन र प्रभावकारिता अनुगमन तथा व्यवस्थापन पनि गरेको छ। यसका लागि प्रदेश र संघ सरकारसँग हातेमालो गर्दै समावेशी विकासमा ध्यान दिएका छ। यसबाट समग्र पालिकाको विकास नतिजामा सुधार हुनुका साथै सेवा प्रवाह समेत द्रुत हुनेमा विश्वस्त हुन सकिन्छ। लोकतन्त्रका हरेक पहरेदारले शिक्षा, स्वास्थ्य र रोजगारीसहित नागरिकका आधारभूत अधिकार र सार्वजनिक सेवा प्रवाहमा राज्य संयन्त्रलाई खबरदारी गर्नुपर्छ । नागरिकहरुको विवेकपूर्ण हस्तक्षेपले सार्वजनिक निकायहरु जवाफदेही हुन्छन् । संघीय शासन प्रणाली अन्तर्गत आम नागरिकको स्थानीय सरकारको क्षेत्राधिकार भित्र प्रत्यक्ष सरोकार रहने तथा सरोकारका व्यक्ति र निकायको अर्थपूर्ण एवम् रचनात्मक सहभागीताका लागि सार्वजनिक सुनुवाई कार्यक्रम अपरिहार्य र अनिवार्य छ।

स्थानीय सरकारको कानून, नीति, कार्यक्रम, निर्णय र सेवा प्रवाह सम्बन्धि सूचनाहरु अद्यावधिक गर्नुका साथै सरोकारवाला सामु पुऱ्याउनु पर्ने दायित्व छ । नागरिक सहभागीता र सेवाप्रदायकको जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको परिकल्पना गरिएको छ। अतः यस्ता कार्यक्रमले पालिका सरकारका कार्यक्रमहरुबारे जनतालाई जस्ताका त्यस्तै जानकारी गराइ तथा जनताका समस्या तथा गुनासाहरुबारे प्रत्यक्ष सम्बोधन गर्न सकिने अवस्था बन्दछ। यसबाट संविधानले परिकल्पना गरेको सहकारिता, सहकार्य र समन्वयमा विकास निर्माण गर्न सहयोग पुग्नेछ।

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ। स्थानीय सरकारले पहिलो कार्यकाल व्यतित गरेर दोश्रो कार्यकाल सुरु गरिसकेका छन् । राज्यको संरचना मार्फत राज्यशक्तिको बाँडफाँट जनतामा विकेन्द्रित भएको छ। जनताका घर आँगनमा सरकार पुगेको छ। तर घर आँगनका सरकार जनताप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुराको जाँच स्वयं नागरिकले गर्नुपर्छ । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ। आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । पालिकाबाट गरिएका विकास निर्माण कार्यक्रम, उपलब्ध सेवाका सम्बन्धमा सार्वजनिक गरि सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार सरकार बनाउन सार्वजनिक सुनुवाईको परिकल्पना गरिएको हो । हरेक स्थानीय तहको संस्थागत क्षमता स्वः मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाइएको छ । यसको अभ्यास गोरखाको शहिद लखन गाउँपालिकाले निरन्तर गर्दै आएको छ। गाउँपालिकाको आयोजनामा २०८० मंसिर २० गते बुधवार वडा नम्बर १ स्थित बक्राङको प्रांगणमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- गत आवमा सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने,
- जनप्रतिनिधि तथा कर्मचारीले गरेको समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने
- संवैधानिक व्यवस्था तथा सूचनाको हकको कार्यान्वयन गराइने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने,
- गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गराउने
- विगतमा गरिएका कमजोरीको समीक्षा गर्न र आगामी दिनमा त्यसबाट पाठ सिक्दै सुधारको खोजी गर्ने
- सेवाग्राही नागरिकको सचेतना जागृत गराउन तथा जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति अधिनस्थ बनाउने
- जनमैत्री सेवा विस्तार गर्न र नागरिकको सेवाप्रतिको सन्तुष्टी जाँच्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि माइकिङ समेत गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना अनुसूची १ मा रहेको छ ।***)

घ) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना अनुसूची २ मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०८० मंसिर २० गते दिउँसो १ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । यस्तै, वडाको गतिविधिबारे वडा नम्बर १ का सचिव शम्भुशरण सापकोटाले प्रकाश पार्नुभयो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर सँगै, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य जनप्रतिनिधिहरु, पत्रकार, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहजकर्ताले नै सार्वजनिक गर्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
(***सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । ***)

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार तथा नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । (***सहभागीहरुको विवरण अनुसूची ५ मा रहेको छ ।***)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्षहरु शरण श्रेष्ठ र बाशुदेव ढकाल, शाखा प्रमुखहरुदे जवाफ दिनुभयो ।
(***खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।***)

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रममा व्यापक उपस्थिति भएपनि सहभागीहरुले प्रश्न चाहिँ धेरै राख्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ। आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं। अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

एक कार्यकाल जनप्रतिनिधिले ब्यतित गरिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन आउन नसक्दा आम नागरिकहरुमा आक्रोश बढी छ । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ। जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुती भएको छ। यसमा पनि थप सुधारहरु आवश्यक छन् । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं । साथै, गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आसा गरेका छौं । बक्राङ पालिकाबाट तुलनात्मक रुपमा निकै टाढा र अपायक हुने वडा हो । त्यसैले पनि नागरिकहरुको गुनासो स्वभाविक रुपमा बढी छ र अपेक्षा पनि बढी नै छ। समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ। खासगरी पहिलो चौमासिकमा कार्य प्रगती उल्लेख्य नहुने समस्या अहिले पनि सुल्झिएको छैन। आगामी दिनमा नयाँ आर्थिक वर्ष सुरु हुने वित्तिकै कार्यगत तीब्रता बढाउनुपर्ने अनिवार्य आवश्यक्ता छ। तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् ।

## ८. अनुसूचीहरु

# अनुसूची १

*सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना*

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

गोरखाको शहिद लखन गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०८० मंसिर २० गते दिउँसो १ बजे वडा नम्बर १ स्थित वडा कार्यालयको प्रांगणमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**घैरुङ, गोरखा।**

# अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | २६ प्रतिशत |
| योजना सम्झौता गर्न | ५४ प्रतिशत |
| योजनाको नापजाँच गराउन | १२ प्रतिशत |
| योजनाको भुक्तानी लिन | ८ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | १६ प्रतिशत |
| अन्य कुनै भए | १० प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| ५८ प्रतिशत | ३२ प्रतिशत | १० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ३२ प्रतिशत | ४८ प्रतिशत | २० प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ३८ प्रतिशत | ६२ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| २४ प्रतिशत | ६८ प्रतिशत | ८ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ३० प्रतिशत | ६४ प्रतिशत | ६ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| ४२ प्रतिशत | ४८ प्रतिशत | १० प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. विभिन्न निकायमा पुगेर लिनुपर्ने सुविधा पालिका र वडाबाटै पाएका छौं।
२. सीपमुलक तालिमहरु आइरहेको छ।
३. अधुरा काम पूर्ण गर्न जनप्रतिनिधिले जोड दिएका छन्। सडक नपुगेका ठाउँमा सडक लैजान पहल गरिएको छ।
४. लिफ्टिङ आयोजनाका विद्युत महशुल सरकारले तिरिदिन थालेको छ।
५. बेलाबेलामा स्वास्थ्य शिविर आयोजना भएको छ। विपन्न र पहुँच नपुग्नेहरुलाई सहज भएको छ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. पालिकाले ठाउँठाउँमा कृषि उपज संकलन केन्द्र निर्माण गरेको छ। तर ति संरचनाहरु प्रयोग विहिन भए। केन्द्रमा जम्मा गर्ने कृषि उपज उत्पादनमा जोड पुगेन।
२. जग्गा वर्गीकरणले अन्याय भयो। सुको उत्पादन नहुने ठाउँमा मालपोत मुल्यांकन बढेको छ। आवास भनेको ठाउँमा कृषि छ, कृषि भनेको ठाउँमा आवास छ।
३. पालिकामा भलिवल प्रशिक्षक भनेर नियुक्त गरिएको धेरै भयो। अहिलेसम्म कति प्रतियोगिता भए ? प्रशिक्षण कहिले कहिले गरिएको छ ? जनताले थाहा पाएनन्।
४. पालिकाले वर्षेनी सुन्तलाको पकेट कार्यक्रम गरेको भन्छ। सुन्तला सकिन लागिसके, कार्यक्रम कहाँ गरिएको हो ?
५. विकासका काममा राजनीतिक रुपमा जस लिने होडबाजी हुन्छ। फरक दल भए विकासको बजेट पनि कम पर्छ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हरेक वर्ष एउटै व्यक्तिले अवसर पाउँछन्। विपन्नहरु छुटिरहेका छन्, छनोटको आधार के हो ?
७. कार्यपालिका बैठकका निर्णयहरु कहिलै सार्वजनिक हुँदैनन्। जनताले थाहा पाउने गरि वेभसाइट वा पेजमा राखिदिनुपर्‍यो। कहिले के निर्णय भयो भन्ने पत्तै पाइएन।
८. पालिकामा बसाइँ सराइको दर धेरै भयो। आउने छैनन्, जाने मात्रै छन्। गाउँमै रोक्न पालिकाको चासो किन पुगेन ?
९.वडामा आउने सामान जति पालिकाले खरिद गरेर पठाउँछ। कारण के हो ? कि टेण्डर गर्नुपर्‍यो। खरिद प्रक्रियामा हाम्रो चित्त बुझेको छैन।
१०. कर्मचारी समयमा भेटिँदैनन्। फिल्डमा गएको हो कि बाहिर गएको हो हामीलाई थाहा हुँदैन। कहिलेकाहिँ त काम नभएर फर्किनुपरेको छ।
११. मनकामना केवलकारमा शहिद लखन गाउँपालिकालाई सस्तोमा आउजाउ गर्न दिने कुरा सुनिएको छ। यो कसले पाउने हो ? कसरी पाउने हो ?
१२. तत्कालै गर्नुपर्ने कामहरुमा जनप्रतिनिधिले ध्यान दिएनन्। समय घर्केपछि मात्रै बजेट पर्छ। समयमा काम नहुँदा अनाहकमा लागत मात्रै बढ्यो।
१३. वडा कार्यालयहरुमा फोटोकपी र फोटो खिच्ने सुविधा हुनुपर्‍यो। दुख गरेर कार्यालय गयो, फोटो भएन भनेर फर्किनुपरेको छ।
१४. गाउँगाउँमा हेल्थपोष्ट छ। सिटामोलसम्म पाइन्छ। अरु विरामी परे बजारै झर्नुपर्ने अवस्था छ।
१५. प्राविधिकका कारण काममा ढिलासुस्ती भैरहेको छ। कर्मचारी अभाव हो कि नियतबस नै ढिलो गरिएको हो ?
१६. दसैं दसैंमा बजेट पर्छ। डोजर लाको पनि थाहा हुँदैन। त्यसको फरफारक कसरी हुन्छ ? प्राविधिकले के हेरेर पास गर्छन् ? मौसमी योजनामा अनियमितता हुने गरेको छ।
१७. पालिकाले योजनाबाट काटेको कन्टेन्जेन्सी रकम कहाँ कसरी खर्च हुन्छ ?
१८. पालिकाका टोलहरुमा जथाभावि फोहोर विसर्जन गरिएका छन्। ल्याण्डफिल साइटको खोजी गरियोस्।
१९. प्रशासकीय भवन निर्माणमा किन ढिलासुस्ती भएको हो ? छिटो निर्माण हुनुपर्‍यो।
२०. नागरिक वडापत्र देखिने ठाउँमा टाँस्नुपर्‍यो।
२१. बक्राङबाट पालिका जान दैनिक गाडी छुट्ने व्यवस्था गरिनुपर्‍यो, हामीलाई पालिका कार्यालय अपायक भयो।
२२. वडामा राजनीतिक विभेद धेरै भएको छ। जुन पार्टीले चुनाव जित्यो, वडा कार्यालय उही दलको जस्तो भयो।
२३. सम्पन्न भएका योजनाहरुको प्रभाव मुल्यांकन गरिनुपर्‍यो।
२४. वडा र पालिका कार्यालयको सरसफाई राम्रो हुनुपर्‍यो।
२५. वडा सदस्यहरु काम विहिन जस्ता भए। उनीहरुको जिम्मेवारी तोकिनुपर्‍यो, काम दिनुपर्‍यो।

२६. गाउँमा उपभोक्ता समितिमा बस्ने मान्छे पाउन छाड्यो । जनसहभागिता समितिले मात्रै तिर्नुपरेको छ । पेश्की नदिँदा बजारबाट सामान किनेर ल्याउने पैसा पाइएन, उधारो साहुले पत्याएनन् ।
२७. कतिपय योजना समाजको आवश्यकतामा भन्दापनि व्यक्ति वा समूह विशेषको स्वार्थ र आग्रहमा सञ्चालन भएका छन् । समुदायले मागेको भन्दा पहुँचका भरमा योजना परेका छन् ।
२८. गुर्दुमदेखि भोगटेनी जोड्ने सडकमा झुठा विवरण भरेर हिनामिना गरिएको छ । जनप्रतिनिधिले पनि सदर गरेका छन् ।
२९. लुदी खोलामा पुल नबन्दा धेरै सास्ती भयो, पालिकाको ध्यानाकर्षण धेरै गरायौं, वास्ता गरिएन ।
३०. वडाबाट दिनुपर्ने सूचना ढिलो गरि आउँछ, बास्तविक लाभग्राहीले सूचना पाउनै सक्दैनन् ।
३१. पालिकाले दिएका अनुदान कागज मिलाउन जान्नेले मात्रै पाएका छन् । कीर्ते कागजपत्र भरेर अनुदान दुरुपयोग भएको छ ।
३२. पूरानागाउँमा जनघनत्व कम भएर हो कि किन हो, योजनाहरु खासै पर्दैनन् । वडासम्म पुग्ने बाटो पनि छैन । पालिकाले योजना माग गर्दा धेरै पटक भनिसक्यौं, सुनुवाई भएन ।

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन–सहभागि नागरिक ५० जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| २६ प्रतिशत | ५६ प्रतिशत | ८ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ४२ प्रतिशत | ५६ प्रतिशत | २ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ४२ प्रतिशत | १२ प्रतिशत | ४६ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| २६ प्रतिशत | ३८ प्रतिशत | ३६ प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| ३२ प्रतिशत | ३४ प्रतिशत | ३४ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| ५८ प्रतिशत | ३० प्रतिशत | १२ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ७४ प्रतिशत | १२ प्रतिशत | १४ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| १६ प्रतिशत | ७० प्रतिशत | १४ प्रतिशत |

**कार्यालय निर्माण भैरहेका छन् ।**

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| ४२ प्रतिशत | ४० प्रतिशत | १८ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ५४ प्रतिशत | ४२ प्रतिशत | ४ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ९६ प्रतिशत | ० प्रतिशत | ४ प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ३२ प्रतिशत | ५८ प्रतिशत | १० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ४० प्रतिशत | ४० प्रतिशत | २० प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| २६ प्रतिशत | ५० प्रतिशत | २४ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | ७४ प्रतिशत | २६ प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९६ प्रतिशत | २ प्रतिशत | २ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ७० प्रतिशत | १८ प्रतिशत | १२ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ४८ प्रतिशत | ४० प्रतिशत | १२ प्रतिशत |

# अनुसूची ४

**शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम–२०८०**
**कार्यक्रम तालिका**

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>**जवाफदेही**<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>ऋषि रोका-प्रमुख, कृषि शाखा<br>विवेक पुडासैनी-प्रमुख पशु सेवा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, प्रशासन शाखा<br>मेघनाथ यादव- प्रमुख, विपद व्यवस्थापन<br>सानुकाजी बस्नेत-प्रमुख, योजना अनुगमन तथा तथ्यांक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>वडा सचिव-वडा नम्बर १ |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ५

## कार्यक्रमका केही तस्वीरहरु






























# अनुसूची ६

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | शिव ब. रोका | ➢ हाम्रो वडामा बजेट पनि आइरहेको छ । कार्यालयमा कर्मचारी पनि छन् । तर विकासका काम भने भैरहेको छैन । विकास भएको देखिएको छैन । जनसंख्या पनि घट्दै गएका छन् ।<br>➢ कृषि प्रधान देश भनेर भनिन्छ । गाउँगाउँमा अनुदान गैरहेको छ । तर कृषि गरेर कसैले आम्दानी लिएको देखिएको छैन । किन हो ? मुल्य पाउने समयमा पाइँदैन, बजार व्यवस्था छैन । कोल्ड स्टोर पनि छैन ।<br>➢ वडामा धेरैले सीप सिकेका छन् । प्रमाणपत्रहरु लिएका छन् । तर सीप सिकेर कसैले पनि उन्नती गरेको, उद्यमी बनेको देखिएन । तालिम समय विताउन र भत्ता खान जानेले मात्रै पाएका छन् ।<br>➢ टोलटोलमा बारम्बार भनिएको छ, सूचनाहरु अन्तिम दिनमा मात्रै आउँछ । समयमा खवर पाइँदैन । सूचना माथिबाटै ढिलो आएको हो कि वडाबाट ढिलो भएको हो ? | ➢ कर्मचारी धेरै छैनन् । आवश्यक्ता अनुसार नै पठाएका हौं । विकास त कर्मचारीले गर्ने होइन नि, तपाईंले नै गर्ने हो । कर्मचारीले सहजीकरण गर्ने हो, सहजीकरण गरिरहेका छन् ।<br>➢ उत्पादनका आधारमा अनुदान दिने भनेर सूचना निकालेका छौं । अव जसले जे उत्पादन गर्छ, जति उत्पादन गर्छ त्यसकै आधारमा अनुदान दिन्छौं । सहकारीले खरिद गर्छ र बजारमा लगेर बेच्छ ।<br>➢ सीप सिकाउने पालिकाले हो । तालिम लिएकाले काम चाहिँ गर्नुस् । स्थानीय सरकारले सक्दो सहयोग गरेको छ । ऋणको ब्याजमा अनुदान दिने भनेर पनि लागेका छौं । पालिकाको स्रोतले भ्याएसम्मको प्रयास गरेका छौं ।<br>➢ सूचना समयमा नआएको भए वडालाई निर्देशन दिन्छौं । पालिकाले चाहिँ समयमै पठाएको छ । पढ्नुहोला । |
| २. | काजीबाबु अर्याल | ➢ पालिका अध्यक्ष दुईपटक निर्वाचित भैसक्नुभयो । तर बक्राङबासीलाई यो १० वर्षमा के दिनुहुन्छ ? उहाँको कार्यकालमा हामीले पाउने के हो ? अहिलेसम्म केही पनि पाएको छैनौं ।<br>➢ बक्राङ डाँडामा भ्युटावर बनेको छ । तर त्यो मनकामनाको हो कि बक्राङको हो ? यसलाई छुट्याइदिनुपर्‍यो । यहाँसम्म पुग्ने बाटो पनि धेरै पटक मागियो, अहिलेसम्म योजना परेन ।<br>➢ गाउँमा दिनदिनै बाखा खाइरहेको छ । किसान मारमा परेका छन् । सरकारले दिने ६ हजार लिन जाँदा २० हजार खर्च हुन्छ । बीमा गरेको बाखा खाएपछि बीमा कम्पनीले क्षतिपुर्ति दिनुपर्‍यो ।<br>➢ बक्राङको नहर ७ करोड खर्च गरेर बनेको छ । जग्गा बाँझै बस्यो । नहरमा पानी आउँदैन । खर्च मात्रै भयो, ठेकेदार मोटाए । | ➢ हामी नतिजामुखी काम गरौं भनेरै लागेका छौं । दुई पटक निर्वाचित तपाईंहरुको मायाले भएको हो । देखिने गरी नै काम गर्छौं । केही सुझावहरु छन् भने तपाईंले पनि दिनुपर्‍यो ।<br>➢ यो भ्युटावरमा खासै विवाद नगरौं । हाम्रो साझा सम्पत्ति हो । कित्ताकाट गर्ने भन्दा प्रयोग गर्नेतिर जोड दिनुपर्छ । यहाँ टेलिस्कोप लगायत पूर्वाधार थपौं, बाटो बनाऔं । सबैले फाइदा लिनुपर्छ ।<br>➢ बाघले बाखा खाएको क्षतिबारे निवेदन मेल गर्नुस् । विपदको बैठक बसेर के गर्न सकिन्छ, क्षमता अनुसार निर्णय गरेर राहत दिन्छौं । बीमा गरेका पशुको क्षतिपुर्तीका लागि बीमा कम्पनीलाई भन्छौं ।<br>➢ नहर किसानको फाइदाका लागि बनाइएको हो । राज्यले संरचना बनाइदिएपछि तपाईंहरुले प्रयोग गर्नुपर्छ । |
| ३. | विष्णुमाया श्रेष्ठ | ➢ सबैले कृषि गरेनन् भन्छन् । तर राम्रो किसानी गर्नेले अनुदान पाएनन् । कृषि | ➢ संकलन केन्द्र त बनिरहेका छन् । अनुदान पनि किसानलाई नै दिइएको छ । केही |

| | | | |
|---|---|---|---|
| | | संकलन केन्द्र बनाएर कम्तिमा बेच्ने वातावरण बनोस् ।<br>➢ दसैंको आसपासमा बोकापाठाहरु धेरै उत्पादन भए । मनकामनामा बाहिरबाट आए, हाम्रो उत्पादन विक्रि भएनन् । यो कसरी रोकिन्छ र स्थानीय उत्पादनले बजार पाउँछन् ? | कमजोरी भएको भए आगामी दिनमा सुधार गरौंला ।<br>➢ बोयरको पकेट र स्रोत केन्द्र भएकोले अन्यत्र पठाउन सहजीकरण गरेका छौं । मनकामनामा विक्रि गर्नका लागि केही सहजीकरण पनि गरौंला । बाहिरका बोका रोक्न त सकिन्न तर आग्रह गर्छौं । |
| ४. | सीता अर्याल | ➢ बक्राङ पालिकाबाट धेरै टाढा र अपायक भयो । वडाबाट मात्रै सेवा लिएर हुँदैन, पालिका पनि जानुपर्छ । यहाँका मान्छेलाई पालिका जान गाडीको व्यवस्था भएन । दैनिक रुपमा गाडी छुट्ने व्यवस्था मिलाइदिनुपर्‍यो । | ➢ गाडीका लागि समितिसँग कुरा भएको छ । उनीहरुले दैनिक कम्तिमा एउटा सुमो चलाउन सहमति जनाएका छन् । यहाँबाट प्यासेन्जर कम हुने भएर व्यवसायी उत्सुक नभएका हुन् । तैपनि हाम्रो आग्रह छ, उनीहरुले स्वीकारेका छन् । |
| ५. | कमला अर्याल | ➢ हाम्रा दिदीवहिनीहरुले धेरै तालिम लिनुभएको छ । मैले पनि ५ वटा तालिम लिएको छु । तालिम आउँछ, प्रमाणपत्र आउँछ । तर यो काम गर्नुस् भनेर सहयोग गरेका छैनन् । तालिममा सिकेको काम गर्न कोषको व्यवस्था मिलाइदिनुपर्‍यो । | ➢ तपाइँहरुलाई तालिम त काम गर्नुहोला र स्वरोजगार बन्नुहोला भनेर दिएको हो । सिरानीमा प्रमाणपत्र राख्नलाई तालिम दिएको होइन । हामीले कार्यविधि बनाएका छौं, गत वर्ष उद्यमशील महिलालाई २ लाख दियौं । प्रत्येक वडामा ५० हजारका दरले अनुदान दिएका छौं । चासो दिनुस् है । |
| ६. | सीर्जना नेपाली | ➢ विकास निर्माणका काम गर्दा कसलाई बढी आवश्यक छ भनेर अध्ययन गरेर मात्रै बजेट छुट्याउनुपर्‍यो । योजनाको प्राथमिकीकरण गर्दा ध्यान पुगेको छैन ।<br>➢ वडामा शिविर आउँछ, महिलाको पाठेघरको जाँच गरिन्छ । तर रिपोर्ट कसको के आयो भन्ने नै थाहा हुँदैन । शिविरमा तत्कालै रिपोर्ट दिने व्यवस्था होस् ।<br>➢ कृषि प्रधान देश भनेको छ । हाम्रो गाउँमा टाउकोमै ठोकिने गरि सुन्तला हुन्थ्यो । अहिले एउटा दाना खान पनि बजारबाट किन्नुपर्छ । सुन्तला पकेट कार्यक्रम कता छ ? माटो जाँच गरेर माटो सुहाउँदो खेतीको सिफारिस पालिकाले गर्नुपर्‍यो ।<br>➢ गाउँमा कृषि उपज केन्द्र निर्माण गरिदिनुपर्‍यो । हामीले उत्पादन गरेका तरकारीले बजार पाएन ।<br>➢ सबै मान्छे बजार गए, गाउँ रित्तिन लाग्यो । मेरै घरमा १३ जना हुन्थे, अहिले एक्लै छु । गाउँमा मान्छे नै छैन, विकास कसरी आउँछ ? शिक्षा र स्वास्थ्य राम्रो बनाएर ति मान्छेलाई गाउँमा फर्काउन सकिँदैन होला र ? स्कुलमा ३ सय विद्यार्थी हुन्थे, अहिले ५ जना विद्यार्थी छैनन् । | ➢ सुझाव निकै राम्रो हो । वडामा हुने भेलामा पनि यो सुझाव दिनुहोला । योजनाको छनोट वडाबाटै हुने हो, तपाईंहरुले सही प्राथमिकीकरण गर्नुस् ।<br>➢ हामीले प्रत्येक वर्ष पाठेघरको क्यान्सरको शिविर चलाएका थियौं । ९ जनामा पोजिटिभ देखिएको थियो । रिपोर्ट लेखेर दिएका हुन्छौं । तपाईंहरु जान हतार गर्नुभएको हो, कमजोरी भए सच्याउछौं ।<br>➢ सुन्तला उत्पादन घटेको साँचो हो । अहिले जलवायु परिवर्तन लगायत विभिन्न कारणले उत्पादन कम भएको छ । अलिकति हामीले पनि हेलचेक्र्याइँ गरेका छौं । स्याहार पुगेको छैन । पकेटमा ६ लाख मात्रै छ । ३, ४ र ६ मा ४ वटा पकेट छ । सुन्तला जोन पनि छ, ठूला कार्यक्रम उसैले हेर्छ, हामी साना कार्यक्रम गर्छौं ।<br>➢ वडा तहमा संकलन केन्द्र बनाइरहेका छौं । आवश्यक छ भने, माग्नुस् ।<br>➢ निकै राम्रो सुझाव हो । गाउँ हराभरा बनाउन हामी सबै लाग्नुपर्छ । पालिकाले के गर्नुपर्छ सबै गर्न तयार छ । उद्यमी बनाउन, आयआर्जनमा जोड्न हाम्रो प्रयास जारी छ । |

| | | | |
|---|---|---|---|
| ७. | भीमबहादुर आले | ➢ गाउँका जमिन बाँझिए, गाउँ रित्तो भयो । बसिरहेकाहरुलाई पनि टिकाउन सकिएको छैन । शिक्षा, स्वास्थ्य गुणस्तरीय भएन । मनकामनासम्म जोड्ने बाटो पनि अलि राम्रो बनाइदिनुपर्‍यो । | ➢ अनुगमन तपाईं हामी सबैले गरौं । शिक्षाको गुणस्तर खस्किन नदिन हदैसम्मका काम गरेका छौं । मनकामना मोटरबाटो जोड्न र स्तरोन्नती गर्न हाम्रो ध्यानाकर्षण भएको छ । |
| ८. | दीपबहादुर केसी | ➢ बक्राङमा फलामे पोल आयो, तार आएन । वार्षिक रुपमा बजेट राखेको हुन्छ । तर हामीले पाएनौं । यही वडा कार्यालयबाट हेल्थपोष्ट जाने तार छैन । पोल गाडिएको छ, तार टाँगिएको छैन । | ➢ तार र पोल, पाइप बक्राङमा प्राथमिकता दिएका छौं । ट्रान्सफर्मर थपेका छौं । कल्लेरी, ताक्लुङ, दार्चे र छापथोकमा ट्रान्सफर्मर पुगेको छ । अब दिप्लिङ, ग्याजामा राख्ने भनेर पहल गरेका छौं । |
| ९. | .......... | ➢ वडा नम्बर १ को वडा कार्यालय भवन अधुरो छोडेर ठेकेदार कहाँ गए ? कसले खोजेर ल्याउने हो ? निर्माण कहिले सकिने हो ? | ➢ पहिलो कार्यकालमा नै ठेक्का निकालेका हौं । ठेकेदारलाई बारम्बार ताकेता गरेका छौं । केही दिनमा आएर काम सक्छु भनेका छन्, काम नभए कारबाही हुन्छ । |

**<u>नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा पालिका अध्यक्ष र उपाध्यक्षले जनाएका प्रतिबद्धताहरुः</u>**

***पालिकाले राखेको भलिवल प्रशिक्षक खै ?***

भलिवल प्रशिक्षक भनेर नियुक्त गरेका छौं । विद्यालयहरुमा घुम्ती प्रशिक्षकका रुपमा लैजान्छन् । कोरोनाअघि धेरै विद्यालयमा पठायौं । कोरोनापछि कार्यालयमा नै रहनुभयो । अहिले पालिकामा नै हुनुहुन्छ, कसैले माग गर्छन् भने पठाउछौं । यो वर्ष हामी फागुन २ गते लखन थापा दिवसमा अन्तर वडा स्तरीय भलिवल प्रतियोगिता गर्ने निर्णय भएको छ। त्यसको तयारी गर्नुहोला ।

***पालिका जान गाडीको व्यवस्था भएनः***

वडाबाट पालिका जान समस्या हुने भएकोले २ लाखसम्मका योजना वडामै सम्झौता गरिएको छ। सर्भे गर्ने र स्टिमेट वडाबाटै हुन्छ। पालिकामा सम्झौता गर्ने कुरामा पनि डकुमेण्ट सानुकाजी बस्नेतले वडामै आएर लैजानुहुन्छ। हामीले विभेद गरेका छैनौं, सकेसम्म सुविधा दिएका छौं । यातायात व्यवसायसँग कुरा गरेका छौं, एउटा सुमो चलाउने कुरा भएको छ।

***वडा सदस्य काम विहिन भएः***

वडा सदस्यहरु वफादारिता पुर्वक लाग्नुभएको छ। दैनिक कार्यालय आउने, अनुगमन र सहजीकरणमा काम गर्नुहोला । अझै उहाँहरुलाई बढी काममा खटाउछौं । प्रत्येक दिन वडा कार्यालयमा उपस्थित गराउछौं । उहाँहरुलाई हाजिर गराएका छौं । ४ जना वडा सदस्यलाई भौतिक पूर्वाधार, आर्थिक, सुशासन, वन तथा वातावरण लगायत क्षेत्रमा काम गराएका छौं । अनुगमनमा खटाएका छौं ।

***पहुँचका भरमा काम हुन्छः***

विकास विनियोजन र योजना छनोट गर्दा पहुँचले भन्दा मागका आवश्यक्ताकै आधारमा गर्नुपर्ने हो । तर पहुँचले काम गरिरहेको छ। सुझाव राम्रो हो ।

***बसाइसराइँ रोक्न पहल पुगेनः***

बसाईंसराई रोक्न विभिन्न कार्यक्रम गरिरहेका छौं । विश्वमै बसाईंसराई रोकेर रोकिने होइन । सुविधाको खोजीमा मान्छेहरु जानुहुन्छ। तर हाम्रो प्रयास छोड्न हुँदैन । तीनै तहले मेहनत गर्नुपर्छ ।

*मनकामना केवलकारमा पालिकाका नागरिकले सुविधा पाउने कुरा के हो ?*

साविकको मनकामना, बक्राङ र ताक्लुङका केही ठाउँका नागरिकलाई सबैभन्दा धेरै सुविधा छ। बाँकीलाई चाहिँ २५ प्रतिशत छुट हुन्छ। यहाँको स्थायी बासिन्दा भन्ने खुल्ने प्रमाण लिएर जानुस्, उक्त छुट हुन्छ।

*पुरानोगाउँमा जनघनत्व नभएर हो कि बजेट नै परेन:*

पूरानोगाउँमा बस्ती कम भएर नै योजना कम गएको हो। बक्राङका कतिपय टोलमा यो समस्या छ। काखा पाखा गरेको होइन, सर्वदलीय बैठकले गरेको निर्णय नै हामीले कार्यान्वयन गरेका छौं। गत वर्ष अबुवा भोगटेनी र स्याउली मनकामनालाई प्राथमिकता दिएका थियौं। यो वर्ष पूरानगाउँमा बजेट परेको छ। गुर्दुममा पनि काम भएको छ। आवयक्ताका आधारमा काम गरिरहेका छौं।

*टोलमा जथाभावी फोहोर विसर्जन भयो:*

ल्याण्डफिल साइट पालिकाले बनाउने होइन, वडाले नै बनाउने हो। सरसफाई तपाईंहरुले नै गर्नुपर्छ। जसले फोहोर गर्छ, विसर्जन गर्ने उसैले हो।

*जनप्रतिनिधिले राजनीतिक विभेद गर्छन्:*

सबैलाई समेटेर काम गरेका छौं। योजना छनोट गर्दा पनि सर्वपक्षीय छलफल गर्छौं। कसैलाई विभेद गरेका छैनौं। हामी जुन ठाउँबाट र जुन पार्टीबाट उठेपनि अहिले साझा छौं। हिजो चुनाव लड्दाको पार्टी छोडेर वडा कार्यालयमा छिरेका छौं। कसैलाई विभेद गरेको भए सीधै गुनासो गर्नुस्, सच्याउछौं।

*जग्गा वर्गीकरणले अन्याय भयो:*

जग्गा वर्गीकरणको काम सकिएको छैन। केही संशोधन भए निवेदन मागेका छौं। मापदण्ड बनाएर प्राविधिक सहयोगमा पहिलो चरणको काम गरिएको छ। प्रत्येक कित्ताको जग्गा वर्गीकरण भएको छ। विशेष गरेर कृषि र आवासीय कित्तामा वर्गीकरण भएको छ, केही चाहिँ व्यवसायीक कित्ता छ। चित्त नबुझेको भए मंसिर महिनाभरीमा वडा कार्यालयमा संशोधनको निवेदन पेश गर्नुहोला।

*योजनाको प्रभाव मुल्याकंन भएन:*

सम्पन्न भएका योजनाको प्रभाव मुल्यांकन गरेका छौं। सार्वजनिक र सामाजिक परीक्षण गरेका छौं। उपभोक्ता समितिलाई पनि भनेका छौं। सबै योजनाको सार्वजनिक परीक्षणका लागि अभिमुखिकरण दिएका छौं। त्यो काम पालिकाको पनि दायित्व हो। हाम्रो विकासको प्रभावको मुल्यांकन गर्छ भन्ने प्रतिबद्धता जनाउँदछु।

*स्वास्थ्य क्षेत्रको काम प्रभावकारी भएन, औषधी र उपकरण पाइएन:*

गाउँघरमा भएका स्वास्थ्य संस्थाले उपचार भन्दा बढी प्रबर्द्धनात्मक कार्यक्रम गरिरहेका छौं। सामान्य उपचारसँगै खानपान र व्यवहार सुधार्न अभियान चलाउछौं। नेपाल सरकारले ९८ थरीको मात्रै औषधी दिएको छ, हामीले बढाएर १ सय १७ थरीको औषधी दिएका छौं। ज्येष्ठ नागरिकले खाने औषधी हामीले उपलब्ध गराएका छौं। औषधी टेण्डरबाट खरिद गर्ने कुरा हो। नियमित रुपमा आपुर्ति गरेका छौं।

*प्राविधिक समयमा आएनन्, काम ढिलासुस्ती भो:*

९ वटै वडामा एकएक जना सिभिल इन्जिनियर खटाएका छौं। पालिकाका योजना अनुगमन र स्टिमेट गर्न सहजीकरण गरेका छौं। काममा ढिलासुस्ती त गरेका छैनौं। नियतबस कुनै प्राविधिकले ढिलो गरेको भए प्रत्यक्ष गुनासो गर्नुहोला। योजना सम्झौताको बेला छ, एकै पटक चाप पर्छ। एकैपटक सबैतिर पुग्न सकिँदैन। अफिसमा बसेर, फिल्डमा नगएको भने हामीलाई जानकारी गराउनुहोला।

*कृषि उत्पादनको बजार भएनः*

कृषिको बजार र उत्पादनलाई सँगै लैजानपर्छ भनेर पकेट क्षेत्र घोषणा गर्ने र वडा तहमा संकलन केन्द्र निर्माण गरिएको छ। वडा नम्बर ३, ५ र ७ मा ३० टन क्षमताका कोल्डरुम पनि स्थापना गरिएको छ। उत्पादनमा जोड्न चाहिँ सकिएको छैन। जनशक्ति नभएर पनि हो।

*अनुदानमा कीर्ते काम भयोः*

अनुदानमा कीर्ते नै गरेको चाहिँ छैन। आरोप लगाउन सजिलो हुन्छ। कागजात त मिलाउनै पर्छ। कागजात नमिलाई अनुदान पाउनु हुँदैन। तर सूचना जारी गरेर लक्षित वर्गमै पुऱ्याएका छौं। बरु अनुदानको अनुगमन चाहिँ गर्नुपर्ने छ। मिलाउन नजान्नेलाई कर्मचारीले नै कागजात मिलाइदिएका छन्।

*दसैंको अवसरमा हुने बाटो सफाई राम्रो भएनः*

दसैंको बजेटबाट काम नभएको होईन। बर्खामा बिग्रेको बाटो सफा मात्रै गरिएको हो। वडा समिति र प्राविधिकले बसेर निर्णय गर्नुहुन्छ। सोही अनुसार काम हुन्छ। नयाँ बाटोजस्तो देखिने काम त हुँदैन। काम हेरेर मात्रै हामीले भुक्तानी दिने हो। अनुगमन पनि निरन्तर गरिरहेका छौं। काम भैरहेको छ।

*गुर्दुम–भोगटेनी सडकमा फर्जी काम भयोः*

गुर्दुम-भोगटेनी बाटोमा फर्जी काम भएको होइन। गत वर्ष २० लाख बजेट थियो। ठेक्का आह्वान गरेर १३ लाख ९९ हजारमा सम्झौता भएको थियो। स्टिमेट अनुसारको काम नभएकोले यो वर्ष पनि काम गरायौं। यही बाटोमा संघ र प्रदेशले पनि काम गरिरहेको छ। त्यसमा हामीले पनि अनुगमन गरौंला।

*समितिमा बस्ने मान्छे पाइएन, पेस्की दिनुपऱ्योः*

समितिमा बस्ने मान्छे पाउन छोडेको पक्का हो। बसाइँसराईका कारण यस्तो भएको हो। सुन्दा जति सामान्य लागेको छ, यो उत्तिकै जटिल प्रश्न हो। गाउँमा सेवा आयो, सुविधा आयो। तर गाउँमा बस्ने मान्छे छैनन्। पेश्की चाहिँ नदिएकै हो। बेरुजु बस्ने सम्भावना धेरै हुन्छ। बरु रनिङ विल चाहिँ दिएका छौं। पैसा नभएकै कारण सामान खरिद गर्न अप्ठ्यारो भए कामको मुल्यांकन गरेर रकम दिन तयार छौं।

*कर्मचारी नभेटेर फर्किन पऱ्योः*

कर्मचारी नभेटेर फर्किनै परेको त छैन। कहिलेकाहीँ त्यस्तो भएको हुन सक्छ। सकेसम्म वडा र पालिकामा कर्मचारी बस्छन्। विना कारण अनुपस्थित हुन मिल्दैन। कहिलेकाहीँ बस्ने विदाका बेलामा सेवा नपाउनुभएको भए क्षमाप्रार्थी छौं। यो समयमा पनि मिलाउछौं। कर्मचारी सयमा हाजिर भए नभएको हेर्न पनि इ-हाजिरीको व्यवस्था गरेका छौं।

*वडामा फोटोकपी र फोटो खिच्ने ठाउँ हुनुपऱ्योः*

वडा कार्यालयमा फोटोकपी चाहीँ निशुल्क गरेको छ। फोटो खिच्ने सुविधा चाहिँ दिन सम्भव छैन। व्यवसायिक कुरा हो। बरु वडा कार्यालय वरिपरी दैनिक रुपमा चल्ने व्यवसाय चलाउन प्रोत्साहन गर्छौं। सीप भएका नागरिकले त्यसको लागि योजना बनाउनुपर्छ।

*कार्यपालिका बैठकका निर्णय सार्वजनिक होस्ः*

कार्यपालिकाले विभिन्न विषयमा निर्णय गर्छ। अधिकार क्षेत्रबाहिर निर्णय गर्दैन। हामीले गरेको निर्णय सार्वजनिक गरेको सत्य नै हो। अब कोशिस गरौंला। कार्यपालिकाको निर्णय अनुसार नै सूचना हामीले निकालेका छौं। ति सूचना र सेवा नै कार्यपालिकाको निर्णय हो भन्ने बुझ्नुहोला। सकेसम्म एकमुष्ट प्रकाशनको तयारी गर्दैछौं। विद्युतीय माध्यमबाट पनि सार्वजनिक गरौंला।

***प्रशासकीय भवन निर्माण ढिलो भो:***

प्रशासकीय भवन केही ढिला भएको हो । कोरोना महामारीका कारणले काम ठप्प भयो । मंसिरदेखि काम थालेकोले केही ढिलो भयो । छिटो सकौंला ।

***सामान खरिद पालिकाले मात्रै किन गर्ने:***

सामान खरिदको सबै काम सार्वजनिक खरिद ऐन र नियमावलीमा टेकेर गर्नुपर्छ । पालिकामा ठूलो खरिद हुँदैन । सानासाना खरिद गरिएका छन् । वडामा आर्थिक प्रत्यायोजन नभएका कारण पालिकाले खरिद गरेको हो । कतिपय सामान्य खरिद भने वडाले नै गरेको छ ।

***लुदीखोलामा पुल बनेन:***

गण्डकी सरकारले भट्टफाँटमा बजेट हालेको छ । यो ठाउँमा पुल बनाऔं, त्यसपछि अन्यत्र विस्तार गरौंला । हाम्रो एकमत भट्टफाँटमा नै छ ।

***कन्टेन्जेन्सी कहाँ खर्च हुन्छ ?***


कन्टेन्जेन्सी नियमानुसार ३ प्रतिशत काटिन्छ । यो रकम जति काटिन्छ, अल्या गरेर आगामी वर्षको बजेटमा समावेश गरेका छौं । बजेट निर्माणमा नै मिलाएका छौं ।

***सूचना समयमा पाइएन:***

पालिकाबाट समयमै सूचना पुगेको छ । वडाबाट पनि भैरहेको छ । कहिँ कतै नभएको भए वडालाई निर्देशन दिन्छौं । फेसबुक पेज हेर्दै गर्नुहोला । फेसबुक चलाउन नसक्नेलाई जनप्रतिनिधि र टोल विकास मार्फत सूचना पठाएका छौं ।

## अनुसूची ७

### सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति



| क्र.सं | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १२६ | सीता अयाल | बेकाङ, खहरे | |
| १२७ | Rasmi Aryal | Bakrang, Khahare | |
| १२८ | गायत्री पौडेल | बेकाङ, खहरे | |
| १२९ | राजेन्द्र उप्रेती | ,, | |
| १३० | राजेन्द्र न्यौपाने | पत्रकार | |
| १३१ | विर्सना तिवारी | कृषि प्राविधिक वडा १ | |
| १३२ | विमला आले मगर | का.स. वडा नं-१ | |
| १३३ | अनिता बयलकोटी | सामाजिक परिचालक वडा नं १ | |
| १३४ | रिता अछामी | गा. पा. वडा नं १ | |

# अनुसूची ८

## सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार

aramex
delivery unlimited
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरियर सेवा
नेपालमा नै पहिलोपटक
Online Tracking System
Door to Door Service
Cash on Delivery Service
न्यूरोड, पोखरा
फोन नं. ०६१-५४१७९१, ९८५६०-२७३३४

समृद्ध नेपालका लागि स्वतन्त्र पत्रकारिता
आदर्शसमाज
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
तथा
पत्रिका नियमित नआएमा
☎ ०६१-५७७८९७
आदर्शसमाज

वर्ष २८ | अंक २२३ | २०८० मंसिर २३ गते शनिबार | नेपाल संवत् ११४४ | Adarsha Samaj National Daily | eAdarsha.com | 9 Dec, 2023 | पृष्ठ ४ | मूल्य रू. १०/-

# यसरी रित्तियो बक्राङ



*प्रकाश ढकाल*

गोरखा, २२ मंसिर

गोरखा बक्राङकी सिर्जना नेपालीको घरमा २/४ वर्षअघिसम्म घरभरि मान्छे थिए । विभिन्न कामले उनीहरु लाखापाखा लागे । कोही पढ्न सहर झरे, कोही कमाउन विदेशिए । अहिले सिर्जना एक्लै छिन् । हिजोको दिन सम्झिएर सिर्जना भन्छिन्, 'भात खाने बेलामा १३ जना हुन्थे, पालो पाइँदैनथ्यो । अहिले म एक्लै छु । पकाएर खाने बेला नरमाइलो लाग्छ ।'

सहिद लखन गाउँपालिकामा पर्ने यो गाउँ बसाइँसराइले रित्तिने अवस्थामा छ । 'गाउँ एकदमै पछाडि परेको छ, विकास आएको छैन । गाउँमा मान्छे छैनन्, विकास कसरी आउँछ ?,' उनले भनिन्, 'स्वास्थ्यको भवन बनेको छ, स्कुलका भवन बनेका छन् । हिजो ३ सय जना पढ्ने स्कुलमा ५ जना पनि विद्यार्थी छैनन् । के गाउँ छोडेर गएकालाई फर्काएर यो गाउँ फेरि हराभरा बनाउन सकिँदैन होला ?'

गाउँमा बसेकाहरु पनि बिस्तारै बसाइँ सर्ने चरणमा रहेका उनले सुनाइन् । गाउँमा कृषि जगाउन सके गाउँलेहरु फर्किने बाटो बन्ने उनको सुझाव छ । 'यो सुन्तला फल्ने गाउँ हो । हिजो त गाउँघरमै सुन्तला लटरम्म थियो । हिंड्दा पनि टाउकोमा सुन्तलाको दाना ठोकिन्थ्यो, खान मन लाग्थेन । अहिले एउटा दाना खान पनि बजारमा किन्नुपर्छ,' सिर्जना भन्छिन्, 'सुन्तला पकेट क्षेत्र भनिएको छ तर बर्सेनि सुन्तला सुकेर सकिन लाग्यो । कृषि उपज केन्द्र भैदिए फलेको तरकारी र फलफूल बेच्न पाइन्थ्यो ।' माटो परीक्षण गरेर सुन्तला पुनर्स्थापना गर्न सरकारसँग उनको आग्रह छ ।

> **'भात खाने बेलामा १३ जना हुन्थे, पालो पाइँदैनथ्यो । अहिले म एक्लै छु । पकाएर खाने बेला नरमाइलो लाग्छ'**

त्यहींका शिव रोका अहिलेको विकास मोडलले गाउँलेलाई गाउँमा टिकाउन नसक्ने तर्क गर्छन् । 'कर्मचारी वडाभरि छन् । बजेट पनि आइरहेको छ । तर विकास चाहिँ देखिँदैन । जनसंख्या घट्दो छ, घरहरु थोत्रिएको छ,' उनले भने, 'कृषिको लागि अनुदान पनि आइरहेको छ । तर कृषि गरेर कसैले किन आम्दानी गरेको छैन ?' गाउँमा उत्पादन भए पनि आम्दानी नभएको उनले बताए । 'हाम्रो बारीमा तरकारी र फलफूल फलेका बेला मूल्य पाइँदैन, बजारले खोज्दा हामीसँग उत्पादन हुँदैन । कमसेकम कोल्ड स्टोर बनाइदिए किसानले आम्दानी गर्न सक्थे,' उनी भन्छन् । गाउँको आवश्यकताभन्दा अन्यत्र बजेट छर्ने क्रमले गाउँ खण्डहर बन्दै गएको उनको अनुभव छ ।

त्यसको मुख्य उदाहरण हुन्, बक्राङकै कमला अर्याल । उनले पालिकाबाट ५ वटा तालिम लिइसकिन् । तर लिइएको तालिम उनको जीवनमा काम लागेको छैन । 'यहाँका दिदीबहिनीहरुले धेरै तालिम लिनुभएको छ । मैले पनि ५ वटा तालिम लिएको छु । तालिमहरु धेरै आइरहेको छ,' उनी भन्छिन्, 'तालिम आएको छ, प्रमाणपत्र आएको छ । तर यो काम गर्नुस् भनेर सहयोग आएको छैन । त्यो प्रमाणपत्रले हामीलाई खान दिँदैन ।' सरकारले नै उद्यमी हुन चाहनेलाई कोषको व्यवस्था गरेर इलम गर्ने वातावरण बनाइदिन उनको अनुरोध छ ।

बक्राङ प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल मनकामनाको आडमा छ । दिनमै करोडौं कारोबार हुने मनकामनामा उनीहरुको पहुँच छैन । 'हामीलाई सधैं कृषि गरेन भनेर गाली गर्छन् । सबैथोक छोडेर उत्पादन गरेका बस्तुले बजार पाएको छैन,' स्थानीय विष्णुमाया श्रेष्ठ भन्छिन्, 'यो वर्ष गाउँमा खसीबोका राम्रो छ । तर बिकेनन् । मनकामनामा बाहिरबाट बोका आउँछ, हाम्रा बोका गोठमै छन् ।' किसानको आवश्यकताअनुसार सरकारले समन्वय गरिदिन नसकेको उनी बताउँछिन् ।

यस्ता समस्या बक्राङको मात्रै होइन, पहाडी क्षेत्रमा जताततै छ । तर बक्राङमा अझै धेरै छ । सबै मान्छे बजार झरेका छन्, गाउँ लगभग रित्तिएको छ । सहिद लखन गाउँपालिका अध्यक्ष रमेशबाबु थापामगर पालिकाको स्रोतअनुसार सक्दो काम गरिरहेको बताउँछन् । 'हामीसँग ठूलो स्रोत कहाँ छ र ? तर जति छ, जनताकै हितमा लगाएका छौं,' उनले भने, 'जनताहरु सबै कुरा सरकारले नै गरिदिओस् भन्ने ठान्छन्, उनीहरुको सबै अपेक्षा पूरा गर्ने स्रोत हामीसँग छैन ।' यद्यपि योजनाबद्ध विकासमा पालिका लागेको उनले बताए । 'हेर्दाहेर्दै जनसंख्या घट्दो छ । घरहरु रित्तिएको कुरा यथार्थ हो,' उनले थपे, 'गाउँमै बस्नुस्, कृषि गर्नुस्भन्दा कोही मान्नुहुन्न तर रोक्ने प्रयास गरिरहेका छौं ।' उनले यसवर्षदेखि उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरिएको बताए ।

पालिकाले चालु वर्षको पहिलो चौमासिक सार्वजनिक सुनुवाइ बक्राङमै गर्‍यो । गाउँलेका समस्या सुनेर आगामी योजनामा समेट्न कार्यक्रम गरिएको प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरले बताए । 'पालिकाबाट निकै अपायक गाउँ हो यो । सम्भावना धेरै छ, तर बत्तिमुनिको अँध्यारो जस्तो भैरहेको छ,' उनले भने, 'गाउँलेका समस्या सुनेका छौं । आगामी योजनामा सक्दो सम्बोधन गर्छौं ।' गाउँहरुलाई हराभरा बनाउन केन्द्रबाटै विशेष अभियान आवश्यक पर्ने उनको भनाइ छ ।

गाउँपालिका उपाध्यक्ष इन्दिरा तिवारी पनि गाउँ रित्तिँदा चिन्तित छिन् । तर कसरी फर्काउने भन्ने योजना छैन । सदरमुकाम गोरखाबाट नजिकै भए पनि सडक सञ्जाल र विकास पूर्वाधारले बक्राङ धेरै पछाडि छ ।

समाप्त ।